आज मिति २०७६ मंसिर १८ गते बुधबारको दिन बिहान ८:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ८३ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहायबमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री शिवभक्ति बलामी (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शंकर मान महर्जन (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री शर्मिला सुवेदी (का.वा.वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री राज कुमार लामा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य अध्यक्ष श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री रमापहरी | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री राजेश परियार | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री कविता खत्री | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री शारदा आचार्य | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री मिना मगर | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री घनश्याम न्यौपाने | सचिव | |

**अन्य उपस्थिती** :-

१. श्री दिपक कुमार के.सी. (यो.अ.तथा प्र.अ.)

२. श्री गणेश गुरुङ (लेखा अधिकृत)

मिति २०७६।०८।१७ गते नगर प्रमुखज्यूबाट मिति २०७६।०८।१८ गते नगर कार्यपालिकाको ८३ औं कार्यपालिका वैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाबाट निर्णयका लागि पेश भएका विषयहरु माथि छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | कानूनमा भएको व्यहोरा | निर्णय हुनुपर्ने व्यहोरा |
|---|---|---|---|
| १. | वडा अध्यक्षलाई स्वागत सम्बन्धमा । | | • मिति २०७६/८/१४ सम्पन्न भएको उपनिर्वाचनबाट वडा नं ३ का लागी निर्वाचित हुनु भएका वडा अध्यक्ष श्री शिवभक्ति बलामीज्यूलाई आफ्नो कार्यकालको सफलताको कामना गर्दै यस बैठकले हार्दिक स्वागत गर्ने । |
| २. | अख्तियारको निर्देशनका सम्बन्धमा । | | • अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७६/८/१५ को च.नं. ९५०० बाट प्राप्त सुझावको सम्बन्धमा यस बैठकमा छलफल गरि कार्यान्वयन गर्ने । |
| ३. | भवन निर्माण सम्बन्धमा । | | • मिति २०७६।०८।४ गते नगर कार्यपालिकाको ८१ औं कार्यपालिका वैठकबाट यस नगरपालिकाको लागी भवन निर्माण गर्न आवश्यक भएको हुँदा साविक शेषनारायण गा.वि.स. वडा नं ३/क हाल दक्षिणकाली नगरपालिका वडा नं ५ कि.नं. २१० (प्र) क्षेत्रफल ४-१३-०-० जग्गा नेपाल सरकारसँग यस नगरपालिकाको स्वामित्व कायम हुने गरी लालपूर्जा निर्माण गर्न वा लिजमा प्राप्त गर्न मालपोत कार्यालय, कलंकी र जिल्ला प्रशासन कार्यालयलाई अनुरोध भई प्रक्रिया अगाडी बढेको हुँदा उक्त स्थानमा भवन निर्माणका लागी बोलपत्र आह्वान गर्ने साथै उक्त भवन निर्माणका लागी लाग्ने कुल बजेटको ४० प्रतिशत नगरपालिकाबाट बेहोर्ने र ६० प्रतिशत जिल्ला समन्वय समितिबाट बेहोर्ने गरी अनुदान माग गर्ने । |
| ४. | त्रिभुवन आदर्श माध्यमिक विद्यालय सम्बन्धमा । | | • त्रिभुवन आदर्श माध्यमिक विद्यालयको च.नं १२ मिति २०७६/८/१७ को पत्रानुसार उक्त विद्यालय नेपालको पहिलो आवासिय विद्यालयको नाम पछिसम्म त्रिभुवन आदर्श आवासिय विद्यालय नै कायम रहने गरी यस विद्यालयको स्वामित्वमा रहेको र विद्यालयले प्रयोग गरिरहेको जग्गा र भवनहरु शैक्षिक कार्यक्रमहरु मात्र संचालन गर्ने तथा जग्गा तथा भवनहरु बेचबिखन गर्न नपाईने गरी आधुनिक प्रविधि सहितको गुणस्तरीय शिक्षा प्रदान गर्ने गरी विद्यालयको सम्पूर्ण दायित्व बहन गर्ने गरी यस विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको विद्यालयको पछिसम्म सेवा गर्न पाउने सुनिश्चितता, निरन्तरता, स्थायित्व तथा सरकारी सरहको सेवा सुविधा हुने गरी यस विद्यालयको अभिभावकत्व ग्रहण |

| | | | |
|---|---|---|---|
| | | | गरी दिनु हुन भनी मिति २०७६/८/१७ गते बसेको व्यवस्थापन समितिको निर्णय सहित अनुरोध भई आएकोमा उक्त विद्यालयको शैक्षिक कार्यक्रम र जग्गा तथा भौतिक संरचनाको उपयोग गर्दै गुणस्तरीय शिक्षा एवं दिगो आर्थिक श्रोतलाई समेत ध्यान दिदैं आवश्यक ऐन, नियम, कार्यविधि तथा व्यवसायिक योजना सहितको कार्य गर्न उपयुक्त विज्ञद्धारा सो विषयको अध्ययन गराई नगरपालिकाले जिम्मा लिई संचालन गर्ने । |
| ५. | टेलिभिजन संचालन सम्बन्धमा । | | • दक्षिणकाली नगरपालिकाद्धारा शिखरापुर टेलिभिजन संचालन गर्न अध्ययन र सम्भाव्यता अध्ययन गर्ने । |
| ६. | विविध | | • दक्षिणकाली नगरपालिका वडा नं ४ को बाँसबारी बसस्टप देखी कमेरी जाने मोटरबाटोमा अविरल वर्षाको कारणबाट विश्व मिलनको घरसम्मको खानेपानी पाईप लाईन क्षति भएको हुँदा ल.ई. अनुसार रकम विपद् व्यवस्थापन कोषबाट विनियोजन गर्ने ।<br>• दक्षिणकाली नगरपालिका वडा नं ४ मा निर्मित नेपालको राष्ट्रिय झण्डा जिर्ण भएको हुँदा मर्मत संभार शीर्षकबाट रु. २,५०,०००।- (दुई लाख पचास हजार) विनियोजन गर्ने ।<br>• शेषनारायण खानेपानी आयोजना शीर्षक अन्तर्गत रु. १ करोड विनियोजन भएकोमा उक्त कार्यको लागी विद्युतिय कामको लागी रु. १६ लाख रकम विनियोजन गरी नेपाल विद्युत प्राधिकरणलाई जिम्मेवारी दिने।<br>• सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई शारिरीक तन्दुरुस्तीका लागी कराँते प्रशिक्षण दिन कराँते प्रशिक्षकका लागी स्वयं सेवकका रुपमा परिचालन गर्ने । |